PRABHU

## प्रभु स्टील्स एण्ड हाईड्रो इक्युपमेन्ट इण्डस्ट्रिज् लिमिटेड

विरगंज.म.न.पा. ३२ पर्सा को

# "लेखा परिक्षण" DDA (Due Diligence Audit) गर्न शिलबन्दी बोलपत्र माग गरिएको सूचना

(प्रकाशित मिति : फाल्गुण १२, २०७९)

यस प्रभु स्टील्स एण्ड हाईड्रो इक्युपमेन्ट इण्डस्ट्रिज् लिमिटेड (साविक गौतम स्टील इण्डस्ट्रीज प्रा.लि.) कम्पनी स्थापना देखि माघ २९, २०७९ सम्मको DDA (Due Diligence Audit) गराउने पाँचौ वार्षिक साधारण सभाको निर्णय बमोजिमको कार्य गर्नको लागि आफ्नो देहायको योग्यता पुग्ने भए यो सूचना प्रकाशित मितिले १५ दिन भित्र शिलबन्दी बोलपत्र पेश गर्न अनुरोध गरिएको छ।

**"लेखा परिक्षण" DDA (Due Diligence Audit) गर्न शिलबन्दी बोलपत्रको जानकारी**

१. कम्तीमा ICAN को सदस्यता लिएको हुनु पर्नेछ।
२. आशयपत्रको फारम सँगै फिर्ता नहुने गरि (साविक गौतम स्टील इण्डस्ट्रीज प्रा.लि.) कम्पनीको एनएमबि बैंकको वीरगंज शाखाको चल्ती खाता नं.०१९००७१५४६६०००११ मा रु.२५००/- रकम दाखिला गरेको बैंक भौचर यस टेन्डरमा भाग लिन आवेदन फारम संग पेश गर्नु पर्नेछ।
३. सम्झौता भएकोदुई महिना भित्र DDA (Due Diligence Audit) सक्नु पर्नेछ।
४. यस अघि उद्योग वा पब्लिक कम्पनीको DDA (Due Diligence Audit) गरेको हुनुपर्नेछ।
५. आफुले यस कार्य गर्न कबुल गरेको रकमको मु.अ.कर सहित अधिकतम रकम तोक्नु पर्नेछ।
६. प्रस्तावित् DDA (Due Diligence Audit) को रकम मूल्य अभिवृद्धि कर (VAT) सहित अधिकतम रु.१६९५०००/- (अक्षरुपी सोह्र लाख पन्चानब्बे हजार रुपैया) मात्र नबढाई बोलपत्र फाराम भर्नु पर्नेछ। न्यूनरकम कबुल गरि बोलपत्र पेश गर्ने लाई प्राथमिकता दिईने छ।
७. प्राप्त बोलपत्र फारामहरु आजको मितिबाट सोह्रौ कार्य दिनको दिन बिहान ११ बजे कम्पनीको काठमाण्डौंको शाखा कार्यालयमा बोलपत्र पेश गर्ने फर्म/कम्पनीका प्रतिनिधि तथा यस कम्पनीका प्रतिनिधिहरुको उपस्थितिमा खोलिनेछ। यद्यपि बोलपत्र पेश गर्ने कम्पनीका प्रतिनिधि उपस्थित नभएमा पनि शिलबन्दी बोलपत्र फाराम खोल्न बाधा पर्ने छैन। बोलपत्र फाराम खोल्ने वा बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट सोही समयलाई उक्त समय मानिनेछ।
८. आशयपत्र स्वीकृत भएको व्यक्ति वा संस्थालाई Mobilize को लागि शुरुमा १५% कबुल रकमको भुक्तानि दिईने छ। सो बापतको बैंक ग्यारेन्टी दिनु पर्ने छ।
९. बोलपत्र फाराम ईमेल मार्फत पनि लिन सकिने छ। रित नपुगी पेश भएका दरखास्त उपर कुनै कारवाही गरिने छैन।

**बोलपत्र फारामको लागि सम्पर्क कार्यालय**

**(साविक गौतम स्टील इण्डस्ट्रीज प्रा.लि.) को कार्यालय विरगंज ३२ पर्सा**

**साथै प्रभु होल्डिङ्गस् लिमिटेड, का.म.न.पा. ३२, तीनकुने एनएमबि बैंक संगै, काठमाडौं**

**फोन नं.: ०१- ५९१२८७३/५९१२८७४**

**E-mail: prabhusteel01@gmail.com**

श्री संचालक समिति
प्रभु स्टील्स एण्ड हाईड्रो इक्युपमेन्ट इण्डस्ट्रिज् लिमिटेड
वीरगंज ३२, पर्सा
सम्पर्क कार्यालय (प्रभु होल्डिङ्गस् लिमिटेड)
०१- ५९१२८७३/५९१२८७४

PRABHU
STEELS AND HYDRO EQUIPMENT INDUSTRIES LTD.

विषय : शिलवन्दी बोलपत्रको आवेदन फाराम सम्वन्धमा ।

महोदय,

उपरोक्त सम्वन्धमा कम्पनीले प्रकाशित गरेको सूचना अनुसार मेरो/हाम्रो योग्यता पुगेकाले शिलवन्दी बोलपत्रको आवेदन फाराम स्वीकृत गरि पाउँ ।

DDA गर्ने कम्पनीको नाम ..............................................................................................

DDA गर्ने सम्वन्धित CA को नाम ....................................................................................

नेपाल ICAN को नवीकरण भएको पत्र ..............................................................................

व्यक्तिगत/संस्थागत प्यान नं. : ..........................................................................................

DDA गर्ने कम्पनीको बैंक खाता नं. : ..................................................................................

टेन्डर कवुल रकम मु.अ.कर सहित अंकमा : ......................................................................

अक्षरमा : ......................................................................

.......................................................................................................................................

DDA गर्ने कम्पनीको छाप एवं हस्ताक्षर ...........................................................................

हस्ताक्षर गर्ने सम्वन्धित व्यक्तिको नाम ..............................................................................

सम्पर्क नं. ........................................ ईमेल ..................................................................

<u>संलग्न गर्नु पर्ने कागजातहरु</u>

१. आ.व. २०७८/७९ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि १ थान ।

२. DDA गरि सकेको कुनै कम्पनीको विवरणको प्रतिलिपि १ थान ।

३. DDA गर्ने कम्पनीको दर्ता प्रमाणपत्रको प्रतिलिपि १ थान ।

४. DDA गर्ने कम्पनीको प्यान नं.को प्रतिलिपि १ थान ।

५. DDA गर्ने कम्पनीको साझेदार भए सो को विवरण ।

६. DDA गर्ने कम्पनीको शेयरधनीको नागरीकताको प्रतिलिपि १ थान ।

PRABHU
STEELS AND HYDRO EQUIPMENT INDUSTRIES LTD.

नोट DDA (Due Diligence Audit) मा निम्न विवरणहरु बुदागत रुपमा छुट्टै समावेस हुनपर्नेछ।

(१) कम्पनी स्थापना देखि भएको वास्तविक खर्च सम्बन्धि विवरण।

(२) कम्पनीले जग्गा खरिद गरेको वास्तविक रकम सहितको विवरण।

(३) कम्पनीको मेसिनरी औजारहरु खरिदको विवरण।

(४) तलव, भत्ता, ज्याला एवं हर्जनाको विवरण।

(५) कर्मचारी, शेयरधनी एवं व्यवस्थापकले लिएको सुविधाको विवरण।

(६) वैंक खाताको विस्तृत विवरण र खाता संचालकहरुको कैफियत सम्वन्धि विवरण।

(७) कारोवारमा प्रयोग भएको खर्च योग्य वा अयोग्य रहेको विवरण।

(८) व्यवस्थापकले व्यक्तिगत प्रयोजनमा गरेको खर्चको विवरण।

(९) विल अनुसार हाल भएको घाटा नाफाको विवरण।

(१०) प्रचलित कानून एवं लेखा सम्बन्धि गर्नुपर्ने कार्य भएको वा भएको विवरण।

(११) कम्पनीले भुक्तानि दिनु पर्ने दायित्व भए सो को विवरण।

(१२) कम्पनीले पाउनु पर्ने हिसाव भए सो को विवरण।

(१३) कुनै संचालक वा शेयरधनीले तिर्न बुझाउन पर्ने केही भए सो को विवरण।

(१४) कम्पनीको कार्यकारीलाई दिनुपर्ने वा कम्पनीले असूल गर्नु पर्ने भए सो को विवरण।

(१५) कम्पनीको संचालकहरुले नेपाल सरकार वा कम्पनीलाई कुनै जालसांझी गरेको भए सो को विवरण।

(१६) व्यवस्थापकले कम्पनी हीतमा गरेको कार्यको विवरण।

(१७) नेपाल सरकारलाई तिरेको कर एवं हर्जनाको विवरण।

(१८) कम्पनीले तिरेको वैंक व्याज वा सेवा शुल्कको विवरण।

(१९) स्वतन्त्र र निश्पक्ष भई आफूले तयार पारेको DDA (Due Diligence Audit) को प्रतिवेदन।

<u>नोट</u> : यस प्रतिवेदनको सम्वन्धमा DDA (Due Diligence Audit) गर्ने कम्पनी र व्यक्तिको जवाफ देहीता समेत रहने छ सो को लागि कागजातहरुको प्रतिलिपि लिन पाउने व्यवस्था गरिने छ। कम्पनीले कानूनि उपचारको लागि यस प्रतिवेदनलाई मुख्य आधार समेत बनाउने छ। कुनै कानूनि उपचारमा खर्च लाग्ने भए कम्पनीले नै व्यहोर्नेछ। तर सो सम्वन्धमा DDA (Due Diligence Audit) गर्ने कम्पनीले सहयोग गर्नु पर्नेछ।